दुष्कर्मले यहाँ ल्याएको हो । यहाँ आएर आफ्नो स्वतन्त्रता गुमेको छ जब आरुनो मनमा दुर्गुण प्रवल हुन्छ हामीले आफ्नो स्वतन्त्रता गुमाउँछौं र कानूनले पनि समातेर कारागार भित्र बन्द गरिदिन्छ ।

कारागार् विग्रनको लागि होइन, सुधार गर्ने स्थल हो । यहाँ आउनुपर्ने कारणको लागि डराउनु पर्दछ । जुन खराब कर्मको कारण यहाँ कारागार भित्र बन्द हुनु परेको छ । त्यसभन्दा अगाडिको स्थितिमा यदि हामीले सानो तिनो सावधानी अपनाएको भए हामी यो अवस्थामा आउनुपर्ने थिएन । त्यो सावधानीले तपाईलाई खराव कर्म गर्न अवश्य रोक्दथ्यो । जुन व्यक्ति राम्रो नराम्रो र कर्म र त्यसबाट हुने परिणामप्रति सतर्क रहन्छ र आफूलाई सत्कर्ममा लगाउँछ त्यो व्यक्ति आफनो परिवार, समाज र राष्ट्रद्वारा सम्मानित हुन्छ । तपाई सँधै यस कुराका लागि प्रयास गर्नुस् कि जन सामान्यका बीच एक आदरणीय व्यक्तिको रुपमा स्वीकार गरियोस् । जब सम्म तपाईले आफ्नो उपयोगितालाई स्थापित गर्न सक्नुहुन्न तब सम्म तपाईको जीवनको कुनै मूल्य हुँदैन । जब तपाई कारागारबाट बाहिर निस्कनुहुन्छ तब समाजले तपाईलाई एउटा सुध्रेको व्यक्तिको रुपमा चिनोस्, जुन खराब कर्मका कारण यहाँ बाँधिनु भएको छ त्यसलाई यहाँ छाडेर बाहिर निस्कनुस् । चिन्तन मनन गर्नुस् समयलाई सदुपयोग गर्नुस् समयलाई दुरुपयोग गर्नुको बदला सदुपयोग गरेर योगाभ्यास र ध्यानमा रमाउनुस् र आफूलाई सुधार्नको लागि यस कारागारलाई सदुपयोग गर्नुस् । मानव जीवनको सार्थकता स्वतन्त्रताका साथ सत्कर्म आवश्यक छ । जब कि खराब कर्मका कारण परतन्त्रतामा बाँधिनु निश्चित छ ।

हामीलाई लाग्यो कि कैदीहरुले हाम्रो प्रवचन ध्यान पूर्वक सुने । यो हाम्रो लागि मात्र नभै उनीहरुको लागि पनि एउटा अनौठो अवसर थियो । उहाँहरुले एउटा जैन मुनिका साथ साक्षात्कार गर्ने अवसर पाउनु भयो भने सद्वचन सुन्ने अवसर पनि । हाम्रो साथ योगाभ्यास तथा ध्यान योगका प्रशिक्षण पनि कारागार भित्रै सम्पन्न भयो । त्यहाँ कैदीहरुका लागि योगको

प्रशिक्षण पनि सफलतापूर्वक सम्पन्न भयो । हामी यो सन्तोष गर्दै सदरखोर कारागारबाट बाहिर निस्क्यौं कि भड्केको मानिसहरुको मनमस्तिष्कमा सत्कर्मको बीज रोप्ने कार्य गऱ्यौं र विश्वास पनि लाग्यो यो बिजले अंकुरको रुप धारण गर्दछ ।

श्रवण संघका द्वितीय आचार्य सम्राट पूज्य श्री आनन्द ऋषि महाराजको पुण्य तिथिमा काठमाडौंमा आयोजित कार्यक्रम पवित्र वातावरणमा सम्पन्न भयो । २८ मार्चमा भएको उनको पुण्यतिथि कार्यक्रममा धेरै संख्यामा मानिसहरु सहभागी थिए । यो पहिलो अवसर थियो जब बिदेशमा श्रवण संघका आचार्यको पुण्यतिथि समारोहमा पैदल यात्री संघको सानिध्यमा भैरहेको थियो । सामायिक पञ्चरङ्गी रुपमा यो समारोह उत्साह पूर्ण वातावरणमा सम्पन्न भएको थियो ।

## श्री पशुपतिनाथ मन्दिरको अवलोकन

काठमाडौंको जैन भवनमा २३ दिनसम्म विश्राम एवं प्रवचन कार्यक्रम सम्पन्न गरेर २३ मार्चबाट हाम्रो यात्रा अगाडि शुरु भयो । त्यहाँबाट हामी बानेश्वरमा गुडिया जीको निवासमा पुग्यौं । त्यहाँ एक दिन बास बस्यौं । दिनमा नेपालका सुप्रसिद्ध एवं सबैद्वारा पूजित श्री पशुपतिनाथ मन्दिरको अवलोकनका लागि गयौं । कुनै नेपालीको जीवनमा श्री पशुपतिनाथ धर्म र राष्ट्र बिना अधुरो मानिन्थ्यो । यी तीनैका प्रतीक नेपाली निकै श्रद्धाका साथ समर्पित हुन्छन् । यो एक ऐतिहासिक प्रसङ्ग हो एकपटक गोरखाको युद्धमा उनीहरुको सौर्य प्रदर्शन देखेर कुनै पनि पुरस्कार माग्नको लागि अवसर दिइयो । उसले न सम्पत्ति, धन माग्यो न त कुनै ठूलो पदवी नै । उनको मृत्यु पछि उसले सिर्फ तीन तोपको सलामी माग्यो । पहिलो सलामी पशुपतिनाथका लागि दोश्रो सलामी धर्मका लागि र तेश्रो सलामी नेपाल राष्ट्रका लागि । आफ्नो धर्म र राष्ट्रको लागि यो कस्तो गहिरो भक्ति ?

बागमती नदीको किनारमा सानासाना मन्दिरद्वारा घेरिएको सुप्रसिद्ध

प्राचीन मन्दिर पशुपतिनाथ। मन्दिर क्षेत्रमा धेरै टाढाटाढाबाट मन्दिरसम्म पुग्नका लागि मानिसहरुको ठूलो लाइन लागेको थियो। त्यसैमा सामेल भएर हामी मन्दिरको मुख्यद्वार हुँदै भित्र गयौ। चारैतर्फ भ्रमण गऱ्यौं, चारैतर्फ धर्ममय बातावरण भएको आभास भयो। पण्डित पुजारीहरु कुना कुनामा धर्म शास्त्रको पाठ गरेको देखियो। मन्दिरको ठिक पूर्वमा मन्दिरलाई स्पर्श गर्दै बाग्मती नदी बग्दछिन्। तर जुन नदीको नाम भारत र नेपाल दुवै देशमा सुविख्यात छ त्यहाँ एउटा दुर्गन्धित नाली भन्दा बढी केही थिएन। त्यसमा स्नान गर्ने मानिसहरु देखिएनन् केही सिढी तल झरेर हामी नदीका किनारमा पुग्यौं किनारमा रहेका साना साना मन्दिरहरुको अवलोकन गऱ्यौं। एउटा विशेष मूर्ति हामीले देख्यौं उसको शरीर जमीनमा गाडिएको थियो उसको सम्बन्धमा आमनागरिकहरको यो धारणा फैलिएको थियो, त्यो मूर्ति विस्तारै विस्तारै जमीन भन्दा माथि निस्कदै आइरहेको छ। जुन दिन उसको पूरा शरीर बाहिर निस्कन्छ त्यो दिन सारा संसारमा प्रलय हुन्छ। तर हामीलाई यो भनिएन उसको जमीनबाट बाहिर निस्कनु भन्दा अगाडि कसैले देखेको थियो कि उ कति बाहिर निस्केको छ। त्यो मूर्तिको जमिन बाहिर निस्कने गति कुन रफ्तारमा छ र कति समयको अवधिमा उसले आफ्नो सम्पूर्ण शरीर बाहिर निकाल्छ त्यसको गणना मानविय कल्पना बाहिरको विषय थियो। तर व्यक्ति आफ्नो धार्मिक आस्था र विश्वासलाई साधारणतया तर्कको कसौटी भन्दा माथि राख्ने प्रयास गर्दछ। विश्वास गलतै होस् तर उसको साथ संलग्न आस्थाले एउटा रहस्यमय आनन्द मिल्दछ। मन्दिरको दक्षिणढोकाको केही अगाडि कुनै देवीको स्थान छ। सुन्नमा आयो त्यो ठाउँमा हर पन्ध पन्ध दिन बलि दिने गरिन्छ जहाँ धागो बाँधेर पशुपतिनाथको मन्दिरमा जोडिन्छ यो हिंसापूर्ण अनुष्ठानप्रति के रहस्य छ ? हामीलाई केही जानकारी दिइएन।

हामी दक्षिण ढोका हुँदै पशुपतिनाथको शिवलिङ्गको दर्शन गऱ्यौं। मन्दिरका प्रमुख पूजारीसँग हाम्रो वार्ता भयो। उनी भारतीय रहेछन्, मन्दिरका

प्रमुख पूजारी अनिवार्यत दक्षिण भारतीय हुँदा रहेछन् उनको चुनाव जीवन भरको लागि हुँदो रहेछ यो अटुट नियम धेरै अगाडि देखि नै कायम छ। तर अब त्यो नियमको विरोध पनि हुन लागेको छ नेपाली जनताका एक वर्गले त्यो परिवर्तनको माग गरिरहेका छन्। त्यो नियमको परिवर्तनको समर्थनमा एक जनाले अनसन बसिरहेका रहेछन्। हामी प्रमुखद्वार हुँदै मन्दिरबाट बाहिर निस्क्यौ ठूलो संख्यामा रुद्राक्ष र अरु दोकानहरु सजाएर बसेको देखियो। अगाडि बाँयातर्फ मोडिदै हामी त्यस ठाउँमा पुग्यौ जहाँ पशुपतिनाथको मन्दिरको प्रमुख पुजारी बस्दा रहेछन्। एक ठाउँमा विल्कुल सामान्य स्थान रहेछ जहाँ कुनै प्रकारको छतको व्यवस्था थिएन। कवुतरोका बोटबाहेक हामीले केही देखेनौं प्रमुख पुजारी जहाँ पूजा गर्नुहुन्छ त्यहाँ एक ढोका छ त्यहाँ केही मुर्तिहरु देखिए तर आश्चर्य कुरा त यो छ ती पाँच सात मूर्तिहरुमा एक जैन तीर्थकरको मूर्ति पनि देखियो। तर कुन जैन तिर्थकर हो उसको ठेगाना यसकारण लागेन उसको अनुहार पुछिएको थियो। तर मूर्ति दुरुस्त थियो। सम्भवत मानिसहरुले यो थाहा पाउन सकेनन् कि त्यो जैन तीर्थकरको मूर्ति हो उनीहरुले यस मूर्तिलाई बुद्धमूर्ति सम्भन्छन् होला यो मूर्तिले यस तथ्यलाई संकेत गर्दछ कि नेपालमा पनि जैन धर्मको प्रचारप्रसार भएको रहेछ।

दुई दिनको यात्रा पश्चात हामी फेरि कमलपोखरीको जैन भवनमा फिर्ता आयौं। दुई अप्रिलको दिन मानव मिलन संस्थाको एउटा ठूलो बैठक भयो, जहाँ ठूलठूला उद्योगपतिहरुको साथ वार्तालाप भयो। त्यसैदिन ओशो रजनीशका भाइ शैलेन्द्र सरस्वती सँग भेट भयो। उनको तीन दिवसीय ध्यान शिविर जैन भवनमा चलिरहेको थियो। उनीसँग कुरा हुँदा हामीले विशेष गर्दा जानकारी प्राप्त गर्‍यौं। हाम्रो गाउँबाट मानिसहरु भेट्ने शिलशिला भै नै रहेको थियो। सुप्रसिद्ध गीतकार र गायक चेतन कार्की सँग पनि भेट्ने अवसर प्राप्त भयो। रेडियोको माध्यमबाट सानै देखि हामीले उहाँको नाम सुन्दै आइरहेका थियौं। उहाँ एक बैचारिक परिपक्व आध्यात्मिक व्यक्तित्वको रुपमा

चीरपरिचित हुनुहुन्थ्यो । प्रतिभाशाली कार्की हाम्रै गाउँका हुनुहुँदो रहेछ ।

हामी ५ अप्रिलमा नेपालको सुप्रसिद्ध बौद्ध मन्दिर स्वयम्भूनाथलाई हेर्न गयौ । त्यो २ हजार वर्ष पुरानो मन्दिर रहेछ । भनिन्छ त्यो पहिला शिवमन्दिर थियो जसलाई आठौ शताब्दीमा राजा वृषभदेवले बौद्ध स्तूपमा बदलिएको थिए । नेपाली साहित्यमा स्वयुम्भूको नाम निकै महत्वको छ । भनिन्छ स्वयम्भुका दुई आँखा न्याय र अन्याय छुट्याउने प्रतीक हुन् । त्यहाँ धेरै बौद्ध भिक्षुहरु साधनारत देखिए । हामीले काठमाडौंको संग्राहलय पनि भ्रमण गर्‍यौं जहाँ ऐतिहासिक बस्तुहरु थिए । राजा महाराजाहरुको हतियारहरु त्यहाँ प्रदर्शित गरिएका थिए । संग्राहलयहरुमा चन्द्र प्रभुको मूर्ति पनि विराजमान देखिए । त्यो मूर्ति कहाँबाट आयो र त्यसको इतिहास के छ ? त्यसको विषयमा हामीलाई कुनै जानकारी नमिलेता पनि आठौं तिर्थंकर चन्द्रप्रभुको मूर्ति देखेर निकै खुशी लाग्यो । त्यसलाई देखेपछि संग्राहलयका अन्य बस्तुहरु हेर्ने इच्छा जाग्यो । जहाँ नेपालको अतीतकालीन इतिहासको झलक मिल्यो । बाटोमा हनुमान ढोका र पृथ्वीनारायण शाहको विशाल दरबार पनि देख्यौ, यी दर्शनीय स्थानहरुलाई अवलोकन गर्दै हामी हुलास चन्द्र गोल्छाको निवासमा पुग्यौ । गोल्छा ज्ञानमन्दिरमा हामी बस्यौ जहाँ हामीले भगवान महावीर जयन्तीको लागि आवश्यक तयारी गर्नुथियो ।

## एक पक्षीय सिद्धान्त

अर्को दिन माओवादीहरुले नेपाल बन्दको आव्हान गरेको थिए । राज्यका अन्य भागहरुमा बन्दको असर कति परेको थियो । त्यसको जानकारी त हामीलाई भएन तर काठमाडौं शहरमा उसको असर प्रत्यक्ष रुपमा परेको देखियो । पूरा काठमाडौ शहर सुनसान जस्तै लाग्थ्यो थियो ।

लाग्यो, काठमाडौं शहर अचानक गतिहीन भइरहेको छ । शहरमा व्याप्त सन्नाटा, माओवादीको बढ्दो प्रभावको संकेतहरु देखिन्थे । बाटोमा सुरक्षाकर्मीहरुले हामीलाई गुप्तचर सम्झिरहेको थिए । हामीले माओवादीको